लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

सुचना नं.-१२

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!
(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१८ गते)

यस केन्द्रको आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ मा भएको व्यवस्था बमोजिम तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक बाँके जिल्ला भित्रका कार्यक्रम अनुसारका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १६ दिन भित्र (मितिः २०८२/११/०४ गते सम्म) यस कार्यालयमा आवश्यक तपशिलका कागजातहरु सहित खामबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको अनुसूचि र कार्यविधि सम्बन्धी विवरण कार्यालयको Website:- https://akcbanke.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै उल्लेखित कार्यक्रममा विनियोजित बजेट संसोधन वा कट्टा भएमा सोहि अनुसार हुने व्यहोरा समेत अनुरोध ।

| क.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | महिला कृषक समूह मार्फत आलु/तरकारी प्रवर्द्धन कार्यक्रम (खजुरा गा.पा. ३) | महिला कृषक समूह मार्फत बालीको उत्पादन तथा प्राथमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरु, बीउ विजन, बाली संरक्षण, सुक्ष्मतत्व, जैविक विषादी आदी, तरकारी नर्सरी निर्माण तथा व्यवस्थापन, क्षमता विकास, प्रदर्शन, शिविर आदी। | महिला कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गरिने, कम्तिमा १० कठ्ठामा तरकारी खेती भएको वा गर्नुपर्ने, क्षमता विकास, प्रदर्शन, शिविर आदि कार्यक्रम कार्यालयले संचालन गर्ने। | खजुरा गा.पा. ३ | प्रति अनुदानग्राही कूल लागतको ५० प्रतिशत वा अधिकतम दुई लाख पचास हजार अनुदान सहयोग,<br><br>क्षमता विकास, प्रदर्शन, शिविर आदि कार्यक्रममा विनियोजित बजेटको अधिकतम २० प्रतिशत खर्च गर्न सकिने । |

संलग्न गर्नु पर्ने कागजात हरुः
१. प्रस्तावकको निवेदन (अनुसूचि २३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४ . कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

२०८२/१०/१८
डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि २४ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको हालसालै तिरो तिरेको रसिद।

६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।

७. प्रस्ताव माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी)।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

९. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

पुनश्चः

१) प्रस्ताव पेश गर्ने अन्तिम दिन विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ।

२) कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने क्रियाकलापहरु, मापदण्ड, अनुदानको सिमा सम्वन्धि विस्तृत जानकारी लागि कार्यालयको फोन नः- ०८१५३००२७ वा सूचना अधिकारीको सम्पर्क नं:- ९८५८०७०२२५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

कार्यविधि र सूचना सम्वन्धि विस्तृत विवरण कार्यालयको website:- https://akcbanke.lumbini.gov.np मा हेर्न सकिनेछ।

२०८२/१०/१८

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

CamScanner